# बैठक नं.२५५(३)१५

# मिति २०७७।०६।२७

## निर्णय

१. आयोगको आ.व. २०७६।०७७ को बार्षिक प्रतिवेदनको मस्यौदा स्वीकृत गरी मुन्द्रणको लागि सचिवालयलाई जिम्मेवारी दिने ।

२. पुनरावेदक राजु श्रेष्ठले सर्वोच्च अदालतका सम्मानननीय प्रधान न्यायाधीश र माननीय न्यायाधीशहरुको गत आ.व. र चालु आ.व.मा पेश गरेको सम्पत्ती विवरण उपलव्ध गराई पाउन मिति २०७६ असोज २ गते दिएको पुनरावेदन उपर आयोगका सचिवद्धारा मिति २०७७।०६।०८ मा सूचनाको हक सम्वन्धी नियमावली,२०६५ को नियम २१ को खण्ड (छ) र राष्ट्रिय सूचना आयोगको पुनरावेदनको कारवाही र किनारा गर्ने कार्यविधि,२०७२ को दफा ३ को उपदफा (३.५) वमोजिम गरिएको दरपीठ आदेश सम्वन्धमा बैठकमा जानकारी गराईएको थियो ।

३. आयोगद्धारा मिति २०७७ भाद्र ३१ गते मास्क र स्यानिटाइजरको गुणस्तर सम्वन्धमा स्वास्थ्य तथा जनसख्या मन्त्रालय, उधोग,वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य सेवा विभाग, औषधि व्यवस्था विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, आयुर्वेद विभाग र काठमाडौं महानगरपालिकासंग गरिएको Virtual वैठकको समीक्षा गरियो ।

४. मिति २०७७ असोज ०८ गते सूचनाको हक कार्यान्वयन सम्वन्धमा राष्ट्रिय सूचना आयोग र प्रदेश सरकारका प्रमुख सचिवहरु विच Virtual समन्वय वैठकको समिक्षा गरियो । बैठकवाट भएका निर्णयहरुको कार्यान्वयनमा जोड दिन आवश्यक देखिएको ।

५. मिति 28 september 2020 अर्थात २०७७ भाद्र १२ गते सूचनाको सर्वव्यापी पहुँच सम्वन्धी अन्तराष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय सूचना आयोग र युनेस्को नेपालको संयुक्त आयोजनामा कोरोना महामारीका सन्दर्भमा सूचनाको हकको महत्व विषयक Virtual अन्तरर्क्रिया कार्यक्रम सम्पन्न भयो । सूचना आयोग, युनेस्कोका प्रतिनिधि र सूचनाका अभियान्ताहरुका विच भएको उक्त कार्यक्रममा सहभागीहरूको उपस्थिति र सक्रिय सहभागिता रहेकाले कार्यक्रम भव्यताका साथ सु-सम्पन्न भएको निष्कर्ष रह्यो । आयोगका सूचना आयुक्त रत्न प्रसाद मैनालीले Freedom Forum for Nepal ले सोही अवसरपारी आयोजना गरेको कार्यक्रममा सहभागिता जनाई सूचनाको हकका सम्वन्धमा अभियान्ताहरुले उठाएका जिज्ञासाहरुकोसमेत सम्वोधन गर्नु भएको थियो ।

६. वेभमा आधारित अनुगमन **मिति २०७७।०३।३० मा स्वीकृत** प्रतिवेदनका आधारमा दिएको निर्देशनको कार्यान्वयनको अवस्थाको सम्वन्धमा योजना शाखाले सम्वन्धित निकायमा पत्राचार गर्ने र वेभ अनुगमनका कार्यक्रमलाई तिव्रता दिने गरी योजना शाखाले कार्य गर्ने ।

७. सूचना आयोगको रणनैतीक योजना तयारी गर्ने सम्वन्धमा भएको प्रगतिको वारेमा समीक्षा गर्दै आयोगको तर्फवाट आवश्यक सहयोग र समन्वय गर्ने ।

८. अन्य विविध विषयमा छलफल भयो ।